कोहलपुर नगरपालिका

# स्थानिय राजपत्र


खण्डः

संख्याः

नगर सभाबाट पारित मितिः २०८२/०९/२५

प्रमाणिकरण मितिः २०८२/०९/२७

प्रकाशन मितिः २०८२/०९/०६


## भाग-१

## कोहलपुर नगरपालिका

## कोहलपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## कोहलपुर, बाँकेको

## सुचना !

नेपालको संविधान बमोजिम कोहलपुर नगरपालिकाको मिति २०८१/०९/२५ गतेको नगरसभाको उन्नाइसौं अधिवेशनबाट तल लेखिए बमोजिक "कोहलपुर नगरपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०८२" पारित भई सभाध्यक्षबाट प्रमाणिकरण भएको उक्त ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको व्यहोरा हार्दिक अनुरोध छ ।

# कोहलपुर नगरपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०८२

## प्रस्तावनाः

नेपालको संविधान प्रदत्त कृषक र नागरिकको खाद्यसम्बन्धी हकको सुनिश्चितता र कृषकको सशक्तिकरण गर्दै कृषि प्रणालीमा सुशासन कायम गर्न, कृषिको दिगोपनाका लागि कृषि जमिनको अधिकतम् उपयोग गर्दै परम्परागत र पर्यावरणमैत्री कृषि प्रणालीको प्रवर्द्धन हुने गरी कृषि प्रणालीको व्यावसायीकरणमार्फत् खाद्यान्नमा आत्मनिर्भरता र कृषकको आर्थिक अवस्था सुधार गरी समृद्धि हासिल गर्न र कृषि तथा पशुपन्छी पेशाका लागि कृषि प्रसार व्यवस्थापन, बाली संरक्षण तथा पशु स्वास्थ्योपचार, सेवा, सामग्री, सिंचाइ र प्रविधि प्रभाकारी रूपमा उपलब्ध गराई कृषि उत्पादनको प्रशोधन, भण्डारण र बजारीकरण गरी कृषि उपजको उचित मूल्य र बजार पहुँचको सुनिश्चितताका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नगरसभाको उन्नाईसौं अधिवेशनले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "कोहलपुर नगरपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात् प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;-

(क) **"करार खेती"** भन्नाले कृषकले जमिन लिज वा भाडामा लिई गरिने कृषि कार्य सम्झनुपर्छ र सो शब्दले कृषि व्यावसायी र कृषकबीच करारनामा गरी गरिने कृषि उत्पादन र खरिद बिक्री गर्ने कार्यलाई समेत जनाउनेछ ।

(ख) **"कृषक"** भन्नाले यस ऐनको प्रयोजनका लागि कृषि वा पशुपन्छीलाई मुख्य पेशा वा व्यवसाय बनाई सोबाटै जीविकोपार्जन गर्ने नागरिक सम्झनुपर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा .वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत रूपमा कृषि औजार निर्माण गर्ने नागरिकलाई समेत जनाउनेछ ।

(ग) **"कृषियोग्य भूमि"** भन्नाले कृषि प्रयोजनको लागि प्रयोग हुने, कृषिजन्य उत्पादन गर्ने वा प्रचलित कानूनबमोजिम कृषि कार्यको लागि निर्धारण गरिएको भूमि सम्झनुपर्छ ।

(घ) **"कृषि कार्य"** भन्नाले दफा १५ मा उल्लेख भएबमोजिमका विषयसँग सम्बन्धित कार्य सम्झनुपर्छ र सो शब्दले व्यावसायिक कृषिलाई समेत जनाउनेछ।

(ङ) **"कृषि फर्म"** भन्नाले व्यवसायिक प्रयोजनको लागि दफा ३० बमोजिमका उपभोग्य कृषि वस्तु उत्पादनका लागि सञ्चालन गरिएको कृषि सम्झनुपर्छ ।

(च) **"कृषि वस्तु"** भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु र कृषि औजारलाई सम्झनुपर्छ र सो शब्दले कृषि उपज समेतलाई जनाउनेछ ।

(छ) **"कृषि पेशा"** भन्नाले खेती तथा पशुपन्छीपालन कार्य गरी कृषि वस्तु उत्पादन गर्ने पेशालाई सम्झनुपर्छ ।

(ज) **"कृषि व्यवसाय"** भन्नाले व्यावसायिक उद्देश्यले गरिने दफा २८ बमोजिमका व्यवसायहरूलाः सम्झनुपर्छ

(झ) **"कृषि बजार"** भन्नाले विभिन्न माध्यमबाट कृषि उपजको ग्रेडिङ्ग, प्याकेजिङ्ग, ढुवानी, भण्डारण वितरण तथा कृषि उपजको बिक्रीवितरण गर्ने कृषि बजारलाई सम्झनुपर्छ ।

(ञ) **"कृषि व्यापारी"** भन्नाले कृषि वा पशुपन्छीउपजको थोक तथा खुद्रा व्यापारीलाई सम्झनुपर्छ ।

(ट) **"खाद्य वस्तु"** भन्नाले जैविक स्रोतबाट प्राप्त साँस्कृतिक रूपमा स्वीकार्य प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित मानव उपभोग्य पदार्थ सम्झनुपर्छ र सो शब्दले त्यस्तो पदार्थको तयारी, प्रशोधन वा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थलाई समेत जनाउनेछ।

(ठ) **"खाद्य सम्प्रभुता"** भन्नाले खाद्य उत्पादन तथा वितरण प्रणालीमा कृषकले उपभोग वा अभ्यास गर्ने देहायको अधिकारलाई सम्झनुपर्छः-

(१) खाद्यसम्बन्धी नीति निर्माण प्रक्रियामा सहभागी हुने,

(२) खाद्य उत्पादन वा वितरण प्रणालीसँग सम्बन्धित कुनै पनि व्यवसाय रोज्ने,

(३) कृषियोग्य भूमि, श्रम, बीउ बीजन, प्रविधि, औजारको छनौट गर्ने,

(४) कृषि व्यवसायको विश्वव्यापीकरण वा व्यापारीकरणको प्रतिकूल प्रभाववाट मुक्त रहने ।

(ड) **"खाद्य सुरक्षा"** भन्नाले सक्रिय र स्वस्थ मानव जीवनयापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँचलाई सम्झनुपर्छ ।

(ढ) **"खुद्रा बजार"** भन्नाले कुनै खुद्रा विक्रेताले उपभोक्तालाई बिक्री गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ण) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐनअन्तर्गतको नियममा तोकिए वा तोकिएको बमोजिम सम्झनुपर्छ ।

(त) **"थोक बजार"** भन्नाले कुनै उत्पादक वा थोक बिक्रेताले अर्को थोक वा खुद्रा बिक्रेतालाई कृषि वस्तु बिक्रीवितरण गर्ने थोक बजारलाई सम्झनुपर्छ

(थ) **"निर्वाहमुखी कृषि"** भन्नाले आफ्नो परिवारको लागि आवश्यक पर्ने कृषि उपज उत्पादन गर्ने कृषि कार्यलाई सम्झनुपर्छ ।

(द) **"पारिवारिक खेती"** भन्नाले परिवारको लगानी र पारिवारिक श्रमको मात्र उपयोग गरेर गरिने कृषिलाई सम्झनुपर्छ ।

(घ) **"विक्रेता"** भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनुपर्छ ।

(न) **"भूमिहीन"** भन्नाले कृषि पेशामा आश्रित भई आफ्नो वा आफ्नो परिवारको नाममा नेपालभर दर्ता वा वेदर्ता जग्गा नभई नगरपालिकामा तयार गरिएको अभिलेखमा भूमिहीनका रूपमा नाम समावेश भएको व्यक्तिलाई सम्झनुपर्छ ।

(प) **"सङ्कलन केन्द्र"** भन्नाले कृषकहरूले दोस्रो बजारमा बिक्री गर्ने उद्देश्यले छोटो समयको लागि कृषि उपज सङ्कलन गरेर बिक्रेतालाई बिक्री गर्ने सङ्कलन केन्द्रलाई सम्भनुपर्छ ।

(फ) **"हाट बजार"** भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन बिक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजारलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## कृषक र कृषिसम्बन्धी मार्गनिर्देशक सिद्धान्त र नीतिहरू

३. कृषक र कृषिसम्बन्धी मार्गनिर्देशक सिद्धान्त: नगरपालिकाले कृषक र कृषि क्षेत्रका सम्बन्धमा देहायबमोजिमका मार्गनिर्देशक सिद्धान्तहरूको अवलम्बन गर्नेछः-

(क) नगरपालिकामा रहेका कृषि तथा खाद्यसम्बन्धी परम्परागत तथा पर्यावरणमैत्री नवीनतम ज्ञान, सीप तथा प्रथाजनित एवं सांस्कृतिक अभ्यास र पर्यावरणमैत्री कृषि प्रणालीको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

(ख) कृषि क्षेत्र तथा कृषि भूमिमा कृषक र भूमिहीन कृषकहरूको समेत पहुँच र स्वामित्व सुनिश्चत गरी न्यायपूर्ण आर्थिक अवस्थाको सिर्जना गरिनेछ।

**४.कृषक र कृषिसम्बन्धी नीतिः** (१) नगरपालिकाको कृषक तथा कृषिसम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा अवलम्बन गरिने नीति देहायबमोजिम हुनेछः

(क) कृषकको कृषि तथा पशुपन्छी पालनसम्बन्धी रैथाने तथा परम्परागत ज्ञान र खाद्य संस्कृति, कृषिजन्य जैविक विविधता, पर्यावरणीय प्रणाली र प्राङ्गारिक एवं दिगो कृषि विधिमा आधारित आत्मनिर्भर र खाद्य सम्प्रभुतालाई सम्मान गर्ने किसिमको दिगो कृषि प्रणालीलाई प्राथमिकता प्रदान गर्ने ।

(ख) कृषि क्षेत्रलाई नगरपालिकाले विशेष संरक्षित क्षेत्रको रूपमा पहिचान गरी समग्र कृषकहरूको आर्थिक र सामाजिक विकासको लागि आवश्यक पर्ने सेवा र सुविधा प्रदान गर्ने।

(ग) कृषक, कृषक समूह, पशुपालक समूह, कृषि सहकारी सस्था र कृषि तथा खाद्य उद्यमीहरूको सहकार्यमा कृषि भूमिको संरक्षण गर्दै र कृषि कार्यलाई एक सम्मानजनक पेशाको रूपमा आत्मसात् गराउनका लागि कृषि क्षेत्रको व्यावसायीकरण गरी उद्यमशीलता, रोजगारी, आय आर्जन, जीविकोपार्जन, समृद्धि र सामाजिक सुरक्षाका अवसरहरू सिर्जना गर्ने।

(घ) कृषकलाई कृषि कार्य र पशुपन्छी तथा जलचर पालनका लागि आवश्यक पर्ने सबै किसिमका सेवा, सामग्री र प्रविधिमा सहज पहुँचका लागि आवश्यक पर्ने संस्थागत व्यवस्था र स्रोत साधनहरूको प्रवन्ध गर्ने।

(ङ) कृषिसम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन लगायतका समग्र निर्णय प्रक्रियामा नगरपालिकाका सम्बन्धित प्रतिनिधि सहित कृषक एवं कृषक समूह र यसका प्रतिनिधिमूलक सङ्घ संस्था र सम्बद्ध नागरिक समाजको पूर्ण र प्रभावकारी सहभागिता प्रवर्द्धन गर्ने।

(२) उपदफा (१) मा उल्लिखित नीतिहरूलाई आवश्यक संस्थागत व्यवस्था र आर्थिक एवं प्राविधिक लगायतका स्रोत साधनहरूको प्रवन्ध गरी क्रमशः कार्यान्वयन गर्दै जानुपर्नेछ।

(३) नगरपालिकाको कृषक तथा कृषिसम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा कृषक समन्वय समिति लगायत सरोकारवालाहरुको आवश्यक र उपयुक्त सुझावहरु समावेश गर्न सकिनेछ ।

## परिच्छेद- ३

## कृषि सम्बन्धी आधारभूत विवरण व्यवस्थापन

**५. कृषि तथ्याङ्क संकलनः** (१) नगरपालिकामा रहेका कृषक र कृषिका बारेमा देहायबमोजिमका बिवरणा सहितको तथ्याङ्क सङ्कलन गरी अभिलेखित गर्नेछः

(क) कृषकहरूको वर्गीकरण अनुसारको परिवार सङ्ख्या र भूमिहिन कृषकहरूको विवरण ।



मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

(ख) कृषक समूह, पशुपन्छीपालक समूह र कृषि सहकारी संस्थाहरूको विवरण र अवस्था ।

(ग) सिँचाइ सुविधा पुगेको वा नपुगेको सहित कृषियोग्य भूमिको विवरण र नक्शाऊन ।

(घ) रैथाने लगायतका मुख्य कृषि उपज, भण्डारण तथा प्रशोधन र बजारीकरण भइरहेका र हुन सक्ने कृषि उपजहरूको विवरण

(ङ) नगदेवाली, तरकारी र फलफूल खेतीको उत्पादन र सोको बजारीकरणको अवस्था ।

(च) पशुपालन, पन्छी पालन र माछा पालनको अवस्था तथा विवरण र दुग्ध तथा माछा मासुजन्य उत्पादन र बिक्री वितरणको अवस्था ।

(छ) रैथाने, परम्परागत र सांस्कृतिक महत्वका खाद्य वस्तुहरूको उत्पादनको अवस्था ।

(ज) कृषिजन्य पूर्वाधार (सिँचाइ, शीत भण्डार, कृषिमिल तथा खाद्य प्रशोधन, ढुवानी वा कृषि सडक आदि) को अवस्था ।

(झ) कृषि सेवा प्रदायक (कृषि तथा पशुपन्छी सेवा केन्द्र तथा शाखा, कृषि सामग्री र बीउ बीजन मलखाद वा प्राङ्गारिक मल उत्पादनक र सोको वितरण, पशु स्वास्थ्य सेवा, कृषि बीमा, पशु बीमा, वातावरणमैत्री किटनाशक विषादी आदि) को अवस्था र यसमा कृषकको पहुँचको अवस्था ।

(ञ) कृषि सेवा प्रदायकहरूको नियमन तथा अनुगमनसम्बन्धी व्यवस्था र सोको कार्यान्वयनको अवस्था ।

(ट) कृषि शिक्षा, कृषि प्रचार-प्रसार र कृषि स्रोत व्यक्तिहरूको उपलब्धताको अवस्था ।

(ठ) अन्य आवश्यक र महत्वपूर्ण विवरणहरू ।

(२) उपदफा (१) बमोजिमका तथ्याङ्क सङ्कलनका लागि नगरपालिकाले कम्तीमा पाँच वर्षमा एक पटक आवश्यकता अनुसार अन्य समयमा पनि कृषि तथा पशुपन्छी गणना गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तथ्याङ्क सङ्कलनका लागि देहाय बमोजिमको कृषि तथा पशुपन्छी तथ्याङ्क समन्वय समिति गठन गर्न सकिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृतः- संयोजक

(ख) पशुपन्छी विकास शाखा प्रमुखः- सदस्य

(ग) योजना हेर्ने शाखा प्रमुखः- सदस्या

(घ) तथ्याङ्क तथा सुचना प्रविधि शाखा प्रमुखः- सदस्य

(ङ) कृषि विकास शाखा प्रमुखः- सदस्य-सचिव

(४) उपदफा (३) बमोजिमको समितिको बैठक लगायतका अन्य विषयहरु समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**६. कृषि तथ्याङ्कको विश्लेषण, प्रचार प्रसार तथा प्रमाणिकरण** (१) दफा ५ बमोजिमको तथ्याङ्क तथा विवरण तयारी, विश्लेषणर प्रकाशन गर्दा कृषकहरूको समेत प्रतिनिधित्व, सहभागिता र सशक्तीकरण हुनेगरी सहभागितामूलक विधिको अवलम्बन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको अभिलेखलाई प्रत्येक तीन वर्षमा एक पटक र आवश्यकता अनुसार समय समयमा अद्यावधिक गर्न सकिनेछ ।

(३) कृषि तथ्याङ्क सङ्कलन, विश्लेषण र अद्यावधिक गर्ने कार्यमा नेपाल सरकार र प्रदेश सरकारका कृषि तथा पशुपन्छी सम्बन्धी कार्यालय, कृषि सहकारी संस्था र कृषि उद्यमी तथा कृषि व्यवसायीको सहयोग लिन सकिनेछ।

(४) नगरपालिकाले कृषि तथा कृषकका सम्बन्धमा आवधिक योजना तर्जुमा गर्दा कृषि र पशुपन्छीसम्बन्धी उपलब्ध तथ्याङ्कलाई आधार मान्नु पर्नेछ।

(५) नगरपालिकाले उपलब्ध कृषि तथ्याङ्कको नियमित रूपमा प्रचार प्रसार गरी कृषक र सम्बन्धित सरोकारवालाको सहज पहुँच हुने व्यवस्था मिलाउनु पर्नेछ।

(६) दफा ४ बमोजिम सङ्कलित तथा अध्यावधिक तथ्याङ्कहरुको प्रमाणिकरण गर्ने कृषि तथा पशुपन्छी तथ्याङ्क समन्वय समितिले कार्यपालिका समक्ष निर्णय गरी सिफारिस गर्नेछ । यसरी सिफारिस भई आएमा कार्यपालिकाले आवश्यक जाँचबुझ गरी वा नगरी स्वीकृत गर्नेछ ।

## परिच्छेद- ४

## कृषक पहिचान, वर्गीकरण, संरक्षण र सशक्तिकरण सम्बन्धी व्यवस्था

**७. कृषकको पहिचानः** (१) नगरपालिकाले कृषि कार्यमा सङ्लग्न कृषकको तोकिए बमोजिम गणना गरी पहिचान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका कृषकलाई दफा ८ बमोजिमको आधारमा वर्गीकरण गरी कृषक परिचयपत्र प्रदान पर्नेछ।

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

**८. कृषकको वर्गीकरणः** (१) नगरपालिकामा रहेका भूमिहीन कृषक, सीमान्तकृत कृषक, पारिवारिक खेतीको रूपमा निर्वाहमूखी कृषि कार्य गर्दै आएका साना कृषक, मध्यम कृषक र अन्य कृषि पेशा तथा व्यवसाय गर्दै आएका ठूला तथा व्यावसायिक कृषकलाई जीविकोपार्जन र कृषि क्षेत्रको दिगो विकास हुने गरी वर्गीकरण गर्नेछ।

(२) कृषकको वर्गीकरण तथा सूचीकरणसम्बन्धी आधार र सूचक तोकिएबमोजिम हुनेछ ।

(३) दफा ७ बमोजिम परिचयपत्र प्राप्त कृषकलाई नगरपालिकाबाट अनुदान, बीमा, सहुलियत, सेवा तथा सुविधा प्रदान गर्न सक्नेछ ।

**९. कृषक तथा पशुपालक समूह गठन र सञ्चालनः** (१) कृषकले आफ्नो सामूहिक हित र क्षमता विकासका लागि निश्चित क्षेत्रका हरेक कृषक परिवारबाट प्रतिनिधित्व हुनेगरी कम्तिमा पन्ध्र र बढिमा पच्चिस सदस्यीय कृषक समूह वा पशुपालक समूह गठन र सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको कृषक समूह वा पशुपालक समूहलाई नगरपालिकामा दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भई सञ्चालनमा रहेका कृषक समूह वा पशुपालक समूहलाई नगरपालिका आवश्यक सेवा सुविधा प्राप्तिका लागि सहजीकरण गर्न र सिफारिस प्रदान गर्न सक्नेछ ।

(४) दर्ता भई दुई वर्षसम्म निष्कृय रहेका वा अनुदान रकम र अन्य सुविधा दुरूपयोग गर्ने कृषक समूह पशुपालक समूहलाई कार्यपालिकाको निर्णयबाट दर्ता खारेज गर्न सकिनेछ।

तर यसरी दर्ता खारेज गर्नुपूर्व सात दिनको समय दिई सुनुवाईका मौका दिनुपर्नेछ।

(५) कृषक तथा पशुपालक समूह दर्ता, नवीकरण, खारेजी तथा समूह सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (५) बमोजिमको कृषक समन्वय समितिको पदावधि दुई वर्षको हुनेछ ।

(७) कृषक तथा पशुपालन समुह र कृषक समन्वय समितिको दर्ता, नविकरण, खारेजी तथा समुह सन्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१०. कृषि तथा पशुपन्छी सहकारी संस्थाः** कृषि तथा पशुपन्छी सहकारी संस्थाको दर्ता, सञ्चालन र नियमनसम्बन्धी व्यवस्था नगरपालिकाको सहकारी सम्बन्धी कानूनमा व्यवस्था भएबमोजिम हुनेछ ।



मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

११. कृषक तथा पशुपालकको संरक्षण र सशक्तीकरण: (१) नगरपालिका क्षेत्रभित्रका सबै कृषक तथा पशुपालकको संरक्षण, क्षमता विकास र सशक्तीकरणका लागि वार्षिक र आवधिक रूपमा योजना र कार्यक्रम तर्जुमा गरी सम्बन्धित कृषक वा कृषक समूह वा यस्ता समूहका सञ्चालक वा कृषि सहकारी संस्था वा कृषि फर्म र कृषिसम्बन्धी लघु उद्यम तथा घरेलु उद्योग मार्फत कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका योजना तथा कार्यक्रम तर्जुमा गर्दा गरिब तथा विपन्न, भूमिहीन, सिमान्त र साना कृषक, कृषि श्रमिक, कृषि कार्यमा सङ्लग्न महिला, आदिवासी जनजाती र दलित कृषकक आवश्यकतालाई विशेष प्राथमिकता प्रदान गर्नु पर्नेछ।

(३) कृषकको संरक्षण, क्षमता विकास र सशक्तीकरणका लागि उपलब्ध स्रोत साधन र क्षमताका आधारमा देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्नुपर्नेछः

(क) भूमिहीन कृषक तथा सीमान्तकृत कृषकलाई आफै कृषि कार्य नगर्ने व्यक्तिका जग्गा जमिन वा नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिका र अन्य कुनै सङ्घ संस्थाले उपलब्ध गराएका तथा प्रयोग गर्न दिएका जग्गा निश्चित अवधिका लागि सम्झौता गरी भाडामा लिई कृषि कार्य गर्न पाउने अवस्था सृजना गर्न सहजीकरण गर्ने ।

(ख) अधिया वा बटैया खेती प्रणालीको अनुगमन र नियमन गर्ने ।

(ग) कृषि श्रमिकले कृषि कार्य गरे वापत पाउने पारिश्रमिक र सेवा सुविधा निर्धारण गरी दैनिक रूपमा पारिश्रमिक पाउने कुराको सुनिश्चतता गर्ने ।

(घ) कृषि प्रसार, सेवा, सामग्री र प्रविधिमा कृषकको पहुँच सुनिश्चतताका लागि आवश्यक पर्ने क्षमता विकासका कार्यक्रम नियिमत रूपमा सञ्चालन गर्ने।

(ङ) कृषिसम्बन्धी क्षमता विकासका कार्यक्रममा भूमिहीन र सिमान्तकृत कृषक, गरिब तथा विपन्न कृषक, कृषि श्रमिक, महिला कृषक र कृषि कार्यमा आश्रित आदिवासी जनजाति, दलित परिवार, अपाङ्गता भएका व्यक्ति तथा परिबारलाई प्राथमिकता प्रदान गर्ने ।

(च) कृषक तथा कृषक समूहले पाउने सेवा, सुविधा, वस्तु, प्रविधि, छुट, सहुलियत, अनुदान आदि वास्तविक कृषकले समयमानै पाउने किसिमको संस्थागत प्रवन्ध गर्ने ।

(छ) कृषकका तथा खाद्य उत्पादन र पशुपन्छीजन्य उत्पादनहरूको उचित बजारमूल्य पाउने गरी कृषिजन्य उत्पादनको वजार सूचना प्रणाली बनाई सूचना प्रवाह र प्रचार प्रसार गर्ने ।

(ज) कृषकहरूलाई सङ्गठित हुने अवसर सिर्जना गर्नका लागि कृषक समूह, पशुपालक समूह तथा कृषि सहकारी संस्था गठन र दर्ता एवम् नवीकरण प्रक्रिया सरल बनाई सहजीकरण गर्ने ।

(झ) कृषि कार्यक्रमहरू कृषक समूहमार्फत् सञ्चालन गर्न प्राथमिकता प्रदान गर्ने ।

(ञ) सामुहिक खेती गरी कृषि उत्पादन बढाउनका लागि अतिरिक्त सेवा सुविधा प्रदान गर्ने ।

(ट) नगरपालिकालाई क्षि उपज, दुग्ध पदार्थ र मासुजन्य उत्पादन तथा खाद्य प्रशोधनमा अत्मनिर्भर बनाई बाह्य क्षेत्रमा समेत आपूर्ति गर्नमा सक्षम बनाउने ।

(ठ) कृषकको संरक्षण, क्षमता विकास र सशक्तीकरणमा निरन्तर योगदान गर्ने र व्यात्तिगत उत्पादन समेत बढाउने कृषकलगायतका व्यक्ति वा सङ्घ संस्थालाई पारदर्शी र निष्पक्ष मूल्यांकनका आधारमा सम्मानित वा पुरस्कृत गर्ने ।

## परिच्छेद- ५

## कृषियोग्य जमिनको वर्गीकरण, संरक्षण र उपयोगसम्बन्धी व्यवस्था

**१२. जमिनको वर्गीकरणः** (१) नगरपालिकाले नेपाल सरकारको भू-उपयोग नीति एवं प्रचलित कानूनसमेतलाई धार मानी भू-बनोट, क्षमता, उपयुक्तता, मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा कृषि भूमिको संरक्षण र सदुपयोग हुनेगरी आफ्नो क्षेत्रभित्रको भूमिलाई सामान्य नक्शाङ्कन सहित देहायबमोजिमको भू- उपयोग क्षेत्रमा वर्गीकरण गर्नेछः-

(क) कृषि भूमि,

(ख) आवासीय क्षेत्र,

(ग) व्यावसायिक क्षेत्र,

(घ) औद्योगिक क्षेत्र,

(ङ) खानी तथा खनिज क्षेत्र,

(च) वन क्षेत्र,

(छ) पानी मुहान, नदीनाला र तालतलैया, पोखरी, सीमसार क्षेत्र,

(ज) सामुदायिक, सार्वजनिक उपयोग र खुला तथा चरण क्षेत्र,

(झ) सांस्कृतिक र पुरातात्विक महत्वको क्षेत्र, र

(ञ) निर्माण सामग्री उत्खनन् क्षेत्र (ढुङ्गा, बालुवा, गिट्टी) ।

(२) उपदफा (१) बमोजिम गरिएको भूमिको वर्गीकरणलाई सम्बन्धित क्षेत्र स्पष्ट हुनेगरी सोको विवरण स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ र सोको सूचना सार्वजनिक रूपमा कार्यपालिकाको कार्यालयमा र प्रत्येक वडा कार्यालयले समेत प्रकाशन गर्नुपर्नेछ ।

(३) भूमिको वर्गीकरण र भू-उपयोगका बारेमा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सबैको जानकारीका लागि विभिन्न सञ्चार माध्यमबाट समेत प्रचार-प्रसार गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम जुन प्रयोजनका लागि भूमिको वर्गीकरण गरिएको छ, सोही प्रयोजनका लागि उपयोग गर्नुपर्नेछ ।

तर कृषि भूमि व्यवस्थापन समिति वा स्थानीय भू-उपयोग परिषद् गठन भएको अवस्थामा उक्त परिषद्को अनुमति नलिई कृषि भूमिलाई अन्य प्रयोजनका लागि उपयोग गर्न पाइने छैन ।

**१३. कृषि भूमि व्यवस्थापन समितिः** (१) नगरपालिका क्षेत्रभित्र रहेको कृषियोग्य जमिनको संरक्षण व्यवस्थापन गर्दै दिगो कृषि विकासका लागि योजना तर्जुमा र कार्यान्वयन गर्न देहाय बमोजिमको एक कृषि भूमि व्यवस्थापन समिति रहनेछः-

(क) प्रमुखः — अध्यक्ष

(ख) उपप्रमुखः — उपाध्यक्ष

(ग) आर्थिक विकास समितिका संयोजकः — सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतः — सदस्य

(ङ) नगरस्तरीय कृषक समूह वा सङ्घ वा महासङ्घका अध्यक्ष वा प्रतिनिधिः — सदस्य

(च) नगरस्तरीय भूमि अधिकार मञ्चका अध्यक्ष वा प्रतिनिधिः — सदस्य

(छ) कृषिसम्बन्धी स्थानीय विज्ञहरू मध्येबाट कार्यपालिकाले मनोनयन गरेको प्रतिनिधिः — सदस्य

(ज) कृषि सहकारी/कृषक समन्वय समितिहरूले छनौट गरेको प्रतिनिधिः — सदस्य

(झ) यस समितिले मनोनयन गरेको महिला कृषि उद्यमीहरू मध्येबाट एकजना, व्यवसायिक कृषक

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

मध्ये एक जना, आदिवासी जनजाति कृषकमध्ये एक जना र दलित कृषकमध्ये एक जना गरी चार जनाः सदस्य

(ञ) नगरपालिकाको कृषि र पशुपन्छी विकास शाखा प्रमुखः सदस्य

(ट) आर्थिक विकास शाखा प्रमुखः सदस्य-सचिव

(२) समितिले कृषिसम्बन्धी विज्ञ तथा अन्य सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न र राय सुझाव लिन सक्नेछ।

(३) समितिको बैठक कम्तीमा त्रैमासिक रूपमा आयोजना गर्नुपर्नेछ तर आवश्यकता अनुसार विभिन्न समयमा बैठक आयोजना गर्न बाधा पुर्‍याएको मानिने छैन ।

(४) समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ

(५) समितिको सचिवालय नगरपालिकाको कृषि तथा पशुपन्छी सेवा शाखामा रहनेछ।

(६) यस समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार वडा तहमा कृषि भूमि व्यवस्थापन उप-समिति गठन गर्न सक्नेछ

<u>**१४. कृषि भूमि व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**</u> कृषि भूमि व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) नगरपालिका क्षेत्रभित्र कृषक, कृषि भूमि, कृषि सेवा, पशुपन्छी सेवा, कृषि पातभार लगायतका विषयको वस्तुस्थिति सङ्कलन र अभिलेख तयार गरी कृषि तथ्याङ्क प्रकाशन गर्ने ।

(ख) नगरपालिका क्षेत्रभित्र रहेको कृषियोग्य जमिनको विगो व्यवस्थापन र सदुपयोगको लागि कृषकको समेत सहभागितामा कृषिसम्बन्धी योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्यवन गर्ने गराउने ।

(ग) नेपाल सरकार र प्रदेश सरकारबाट लागू गरिएका नीति तथा कानून कार्यान्वयनमा सहकार्य गर्ने

(घ) नेपाल सरकार र प्रदेश सरकारबाट अनुदान प्राप्त हुन आएका कृषि कार्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने ।

(ङ) कृषियोग्य भूमिको खण्डीकरण हुनबाट रोक्न र कृषियोग्य जमिनको चक्लाबन्दी गरी कृषि उत्पादन बढाउन चाहने कृषक परिवारलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनुको साथै यस प्रयोजनका लागि अनुदान उपलब्ध गराउन सहजीकरण गर्ने।



बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

(च) कृषियोग्य जमिनमा कृषि उत्पादन गर्न, कृषकका लागि आवश्यक सेवा सुविधा उपलब्ध गराउन र कृषि तथा खाद्य उत्पादनको बजारीकरणका लागि आवश्यक पर्ने विभिन्न कृषि पूर्वाधार निर्माणको लागि योजना तर्जुमा गरी बिभिन्न तह र सम्बन्धित निकायमा सिफारिस तथा परामर्श प्रदान गर्ने ।

(छ) वन क्षेत्र बाहेक अन्य प्रयोजनमा रहेको जग्गालाई आवश्यकता अनुसार कृषियोग्य जमिनमा परिणत गर्नको लागि स्थानीय भू-उपयोग परिषद्मा सिफारिस गर्ने ।

(ज) कृषकको क्षमता विकास, हकहित संरक्षण र कृषि क्षेत्रबाट समृद्धिका लागि कृषकसम्बद्ध नागरिक समाज र सङ्घ-संस्था तथा निजी क्षेत्रसँग समेत समन्वय तथा सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने गराउने ।

(झ) खाद्यका लागि कृषि र तुलनात्मक लाभका कृषिउपजको व्यावसायिक उत्पादन बढाउन आवश्यक अध्ययन, अनुसन्धान, जनशक्ति निर्माण र प्रसार सेवालाई प्रभावकारी बनाउने ।

(ञ) भूमिहीन र सीमान्त तथा साना कृषकको कृषि भूमिमा पहुँच अभिवृद्धि गर्न अन्य आवश्यक कार्य गर्ने गराउन सहजीकरण गर्ने ।

**१५. कृषि कार्य:** यस ऐनको प्रयोजनका लागि देहायबमोजिमका कार्यलाई कृषि कार्यको रूपमा लिनुपर्नेछः-

(क) स्थानीय तथा रैथानेलगायतका विभिन्न अन्नबाली सहितका खाद्यान्न बालीको उत्पादन,

(ख) फलफूल, तरकारी, दलहन, तेलहन, चिया कफी तथा मसलाजन्य वस्तु, च्याउलगायतका नगदेवालीको खेती,

(ग) रैथानेलगायत विभिन्न पशुपन्छी, माछा तथा मौरी पालन,

(घ) उखु, फूल, रेशम, कपास, जुट, सनपाट, काँस, बाबियो, बेत, बाँस तथा रबरखेती,

ङ) जडीबुटी खेती, घाँस उत्पादन र बिरूवा उत्पादन तथा कृषि वन सञ्चालन,

च) कृषि कार्यका लागि आवश्यक पर्ने दाना, मलखाद, जैविक विषादी, कृषि औजार आदिको उत्पादन,

छ) प्रचलित कानूनबमोजिम अनुमति प्राप्त गरी जङ्गल र जलाशय खेती गरी उत्पादन गरिने अन्य उपभोग्य वस्तुहरू,

(ज) लुम्बिनी प्रदेशको वन ऐन र नियमावली तथा सङ्घको व्यवसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग सम्बन्धी मापदण्ड, २०८० बमोजिम वन्यपशुपन्छीको व्यवसायिक पालन,

झ) दफा ४२ मा उल्लिखित विषयहरूसँग सम्बन्धित कार्यहरू,

ञ) खण्ड (क) देखि (ज) सम्म गरिएका कृषि कार्यबाट उत्पादित वस्तुहरूको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरण ।

**१६. कृषि भूमिको संरक्षण:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र पहिचान भएका कृषि भूमिको संरक्षणका लागि देहायबमोजिमका कार्यक्रम सञ्चालन गर्नेछ:-

(क) कृषि भूमिलाई कृषिबाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्नमा निरुत्साहित गर्ने,

(ख) कृषि भूमिको ऊर्वरता शक्ति पटाउने, माटोको गुणस्तर हास हुने, कृषि जैविक विविधतान हुने तथा मानव स्वास्थ्य, पशुपन्छी र जलचरलगायतका प्राणीलाई गम्भीर असर गर्ने बान रासायनिक मल वा विषादी प्रयोगलाई निरुत्साहित गर्ने,

(ग) प्राङ्गारिक मलको प्रयोग र पर्यावरणमैत्री कृषिलाई प्रवर्द्धन गरी जैविक कृषि उत्पादन बढा प्रोत्साहन गर्ने,

(घ) बहुवर्षिय र चक्रीय बाली लगाई भूमिको उत्पादकत्वमा वृद्धि ल्याउने सहयोग गर्ने,

(ङ) कृषि भूमिलाई बाढी पहिरो तथा नदी कटानबाट जोगाउन क्षयीकरण नियन्त्रण, पानीको उपयुक्त निकाश, तटबन्ध तथा गल्छी निर्माण, भिरालो जमिनमा गराखेती र आवश्यकता अनुसार वन प्रणाली अवलम्बन गर्नका लागि सहयोग र प्रोत्साहन गर्ने,

(च) कृषि जमिन क्षति हुनेगरी सञ्चालन गरिने विकास आयोजनालाई स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसारका कार्य गर्न लगाई क्षति भएको कृषि जमिनको पुनर्स्थापना गर्ने लगाउने,

(छ) कृषि कार्यका लागि जमिनको चक्लाबन्दी गराउन र कृषि जमिन बाँझो नराखी नियमित खेती गर्नका लागि प्रोत्साहन गर्ने, र

(ज) कृषि भूमि संरक्षणका लागि आवश्यक स्रोत साधन सहित आवधिक रूपमा बजेट विनियोजन गरी संरक्षणका कार्यक्रम सञ्चालन गर्ने ।

(२) बाढी पहिरोलगायतका दैवी प्रकोपबाट कुनै कृषकको कृषि भूमिको गुणस्तर ह्रास भएमा वा कृषि क्षति भएमा उक्त कृषि भूमिको उकासका लागि सम्बन्धित कृषकलाई नगरपालिकाबाट प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) बाढी पहिरोलगायतका दैवीप्रकोपको कारण कुनै कृषकको कृषि भूमि उकास हुन नसक्ने गरी क्षति भएमा सो बापत जमिनको आर्थिक मूल्याङ्कन र कृषकको जीविकाको विकल्प समेत मध्यनजर गरी नगरपालिकाबाट प्रभावित कृषकलाई क्षतिपूर्ति उपलब्ध गराउन सक्नेछ ।

**१७. कृषियोग्य भूमिको उपयोगः** (१) कृषिभूमि व्यवस्थापन समितिले नगरपालिकाभित्रको कृषि योग्य जमिनलाई बाँझो नराखी निरन्तर खेती गर्न प्रोत्साहन गरी कृषियोग्य जमिन बाँझो नरहने अवस्था सृजना गर्नेछ ।

(२) आफ्नो कृषियोग्य भूमिमा जग्गावाला आफैले कृषि कार्य गर्न नसक्ने वा नगर्ने व्यक्तिले सोको जानकारी सम्बन्धित वडा कार्यालयलाई गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त हुन आएमा जग्गावालाको भूस्वामित्वमा कुनै असर नपर्ने गरी उक्त जग्गालाई सम्बन्धित वडा कार्यालयले भाडामा लिई भूमिहीन कृषक, सीमान्त कृषक, कृषि श्रमिक, कृषक समूह वा अन्य पौरखी कृषकबाट समेत खेती गराई खेतीयोग्य जमिन बाँझो नराखी कृषि उत्पादन बढाउन आवश्यक व्यवस्था वा प्रबन्ध गर्न सक्नेछ।

(४) कृषियोग्य जमिन भएका व्यक्ति तथा परिवारले करार गरी आफ्नो जमिन अन्य कृषक परिवार, व्यक्ति, कृषक समूह तथा संस्थालाई भाडामा दिँदा लिन पाउने भाडादर सम्बन्धित वडा अध्यक्ष र कृषि भूमि व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाले निर्धारण गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्धारण गरिएको जग्गाको भाडादरसम्बन्धी सूचना कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ ।

(६) उपदफा (४) बमोजिम भाडादर निर्धारण गर्दा जग्गाको उर्वरा शक्ति, सिँचाइ सुविधा तथा सम्बन्धित जग्गाको पहुँचमा रहेका कृषि पूर्वाधार र सुविधा समेतको आधारमा निर्धारण गर्नुपर्नेछ तर यस्तो भाडादर कृषि जमिनको सुविधाअनुसार फरक हुन सक्नेछ ।

(७) नगरपालिका आफैले सार्वजनिक जग्गा, नदी उकासका जग्गा, बगरक्षेत्रका जग्गा, सामुहिक वन भित्रका खाली जग्गाहरुमा खेती वा सामुहिक खेती गर्न गराउन प्रबन्ध मिलाउन सक्नेछ ।

**१८. करार खेतीसम्बन्धी व्यवस्थाः** (१) कृषियोग्य जमिनमा आफै खेती गर्न नसक्ने जग्गा धनीले त्यस्तो जमिन दफा १७ बमोजिम निर्धारित भाडा दरमा करार खेती गर्न इच्छुक कृषक वा कृषक समूहलाई खेती गरी कृषि उत्पादन गर्न वा पशुपन्छी तथा जलचरपालन तथा पशुआहार खेतीका लागि करारमा उपलब्ध गराउन सक्नेछ।

(२) करारमा जग्गा उपलब्ध गराउन ईच्छुक जग्गाधनीले नगरपालिकामा आफ्नो कृषि भूमिको विवरण अभिलेखित गराउन पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अभिलेखित गराएको जमिनलाई कृषि उत्पादनका लागि उपयोग गर्न चाहने भूमिहीन कृषक, दलित कृषक, सिमान्त तथा साना कृषक, महिला कृषक तथा यस्ता कृषकको कृषक समूहलाई करार गरी भाडामा उपलब्ध गराउन कृषि भूमि व्यवस्थापन समितिले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

(४) कृषि भूमि व्यवस्थापन समितिले तय गरेको भाडादरसँग तालमेल हुने गरी कृषियोग्य जमिन भाडामा लिनेदिने न्यूनतम् अवधि तथा त्यसका शर्तहरू जग्गा धनी र कृषकको आपसी सम्झौताबमोजिम हुनेछन्

(५) उपदफा (४) को प्रयोजनका लागि सम्झौताको आवश्यक ढाँचा तथा अन्य आवश्यक कागजात तयारीमा कृषि भूमि व्यवस्थापन समितिले सहजीकरण गर्न सक्नेछ ।

(६) जग्गा भाडामा लिने कृषक वा कृषक समूहले त्यस्तो भाडामा लिएको जग्गामा हानी नोक्सानी पुगाउने तथा जमिनको कृषि उत्पादनशीलता घटाउने किसिमका कार्यहरू गर्न गराउन पाइने छैन ।

तर भाडामा लिएको कृषि जमिनको प्रयोगमा कुनै परिवर्तन गर्नुपरेमा जग्गाधनीको स्वीकृति लिनुपर्नेछ । साथै सरकारी निकाय वा सङ्घ संस्थाले भाडामा वा अन्य रूपमा कृषि कार्यका लागि कृषकलाई उपलब्ध गराएको जमिन सम्बन्धित निकाय वा सङ्घ संस्थाको अनुमति नलिई कृषि कार्य बाहेक अन्य प्रयोजनका लागि उपयोग गर्न पाइने छैन ।

(७) जग्गा भाडामा लिई करार खेती तथा व्यावसायिक खेती गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(८) कृषि भूमि व्यवस्थापन समितिले नगरपालिका क्षेत्रभित्र अधिया वा बटैया प्रथालाई निरुत्साहित गरे करार प्रणालीबाट कृषि जमिनको उपयोग गरी कृषि उत्पादन बढाउन प्रोत्साहन गर्नुपर्नेछ ।

१९. सार्वजनिक कृषियोग्य भूमिको उपयोगः (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै उपयोगमा आउन नसकी खाली रहेको र कृषि प्रयोजनका लागि उपयुक्त रहेको सार्वजनिक जमिनलाई उक्त जमिनको स्वामित्व रहेका निकाय वा संस्था र कृषकबीच न्यूनतम् भाडा लिनेदिने शर्तमा करार गरी कृषि प्रयोजनका लागि कृषक वा कृषि समूहलाई उपलब्ध गराउन समन्वय र सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कृषि जमिनको न्यूनतम भाडा दर निर्धारणका लागि कृषि भूमि व्यवस्थापन समितिसँग समन्वय गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम करार गरी कृषि कार्यका लागि जमिन उपलब्ध गराउँदा भूमिहीन कृषक, सीमान्त कृषक तथा साना कृषक, महिला कृषक तथा कृषिमा निर्भर दलित कृषकलाई प्राथमिकता दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम करार गरी लिने दिने गरेको जमिनमा करार अवधिभर कृषि कार्य बाहेक अन्य कार्य गर्न पाइने छैन ।

**२०. सामुहिक खेती:** (१) नगरपालिका क्षेत्रभित्र कुनै कृषक समूह वा कृषि सहकारी संस्थाले भूमिहीन कृषक सीमान्त तथा साना कृषकका लागि समुहिक खेती गर्ने गरी जमिन उपलब्ध गराउन अनुरोध गरेमा कृषि भूमि व्यवस्थापन समितिले आवश्यक जमिनको खोजी गरी जमिन उपलब्ध गराउन सक्नेछ

(२) सामुहिक खेतीबाट प्राप्त लाभको बाँडफाँड उक्त खेतीमा सङ्लग्न कृषकको आपसी सम्झौताबमोजिम हुनेछ ।

तर सामुहिक खेतीबाट उत्पादित कृषि उपज र सोको बिक्री वितरणबाट प्राप्त लाभमा कुनै पनि किसिमको स्थानीय कर लगाईने छैन ।

(३) निजी जमिनलाई पूर्ण वा आंशिक रूपमा चक्लाबन्दी गरी सामूहिक खेती गर्न चाहने कृषक समूह, कृषि सहकारी संस्था वा अन्य कुनै सामुदायिक संस्थालाई आवश्यक पर्ने विद्युत, सिंचाइ र कृषि सडकसहित भण्डारण र आवश्यक औजार तथा उपकरणहरूमा समेत कार्यपालिकाको निर्णयबमोजिमका सुविधाहरू प्रदान गर्न सकिनेछ।

## परिच्छेद- ६

## सिंचाइ, बीउबीजन, मलखाद तथा किटनाशक विषादीसम्बन्धी व्यवस्था

**२१. सिंचाइको प्रबन्ध गर्ने:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका खेतीयोग्य कृषि भूमिमा सतह सिंचाइ, भूमिगत सिंचाइ वा लिफ्ट सिंचाइ वा अन्य प्रविधिको प्रयोग गरी आवश्यकता अनुसार सिंचाइको प्रबन्ध गर्नेछ ।

(२) सिँचाइको सुविधा उपलब्ध नभएका खेतीयोग्य जमिनमा सिँचाइ सुविधाको प्रबन्ध गर्नका लागि नगरपालिकाको लगानी बाहेक थप स्रोत साधन आवश्यक पर्ने देखिएमा नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी सिँचाइ सेवाको प्रबन्ध गर्नुपर्नेछ।

(३) नगरपालिका आफैले वा अरु कुनै सङ्गठित संस्थाले साझेदारी पत्र तयार गरी सम्बन्धित निकाय र कृषक समूह वा सिँचाइ जल उपभोक्ता संस्थाबीचको साझेदारी वा संयुक्त व्यवस्थापनमा सिँचाइ प्रणालीको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(४) सतह सिँचाइ सञ्चालन हुन नसक्ने कृषि भूमिमा विद्युतबाट लिफ्ट सिँचाइ वा अन्य प्रविधि तथा सीप विकास गरी आकाशे पानी सङ्कलन गरी वा जमिनमुनिको पानी निकाली वैकल्पिक सिंचाइको व्यवस्था गर्न सक्नेछ ।

(५) सिँचाइका लागि विद्युतीय तथा सौर्य ऊर्जाको प्रयोगलाई प्रवर्द्धन गर्नुपर्नेछ ।

(६) भूमिहीन कृषक, सिमान्त तथा साना कृषक, महिला कृषक तथा कृषिमा निर्भर दलित कृषकले लिफ्ट सिँचाइका लागि प्रयोग गर्ने कृषि मिटरमा उठेको वा अन्य विद्युत महशुलमध्ये कम्तीमा पचास प्रतिशत महशुल नगरपालिकाले अनुदान स्वरूप उपलब्ध गराउन सक्नेछ।

(७) कुनै सङ्गठित संस्थाले नगरपालिका वा साझेदारी पत्रबमोजिम सिँचाइ प्रयोजनका लागि स्थापना गरिएका सौर्य ऊर्जा प्रणालीबाट उत्पादित विद्युतलाई नेपाल विद्युत प्राधिकरण वा अन्य कुनै निकाय वा सङ्घसंस्था वा व्यक्तिलाई बिक्री गर्न सक्नेछ ।

<u>२२. बीउबीजन, मलखाद तथा किटनाशक विषादीको उपलब्धताः</u> (१) नगरपालिकाले कृषिका लागि आवश्यक पर्ने बीउबीजन स्थानीयस्तरमा नै उत्पादन गरी भण्डारण गर्नका लागि कृषकलाई आवश्यक प्राविधिक सहयोग तथा सीप उपलब्ध गराउन र यसका लागि सम्भाव्यताका आधारमा रैथाने वीउबीजन उत्पादन पकेट क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) नगरपालिकाले स्थानीय कृषकको बीउबीजन उत्पादन, भण्डारण र प्रयोगसम्बन्धी परम्परागत ज्ञानको अभिलेख गरी नेपाल सरकार तथा प्रदेश सरकारका जीन बैंक र कृषक समूहका सामुदायिक बीउ बैंक समेतको समन्वयमा रैथाने उन्नत बीउबीजन र सोसम्बन्धी परम्परागत ज्ञानको संरक्षण र सदुपयोगका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्नेछ ।

(३) नगरपालिकाले कृषिका लागि आवश्यक पर्ने मलखाद आपूर्तिका लागि प्राङ्गारिक मल उत्पादन र उपयोग गर्नका साथै जैविक किटनाशक विषादीको उत्पादन र उपयोगमा प्राथमिकता दिनेगरी आवश्यक स्रोत साधन, प्रविधि र स्थानीय जनशक्तिको व्यवस्था गर्नेछ ।

(४) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यक पर्ने थप बीउ बीजन, मलखाद तथा किटनाशक वा रोगनाशक विषादी उत्पादन तथा आयात गरी वडा कार्यालय वा कृषि सहकारी तथा कृषक समूहमार्फत् भण्डारण र बितरण गर्ने प्रबन्ध गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम उत्पादन तथा भण्डारण भएको बीउबीजन, मलखाद तथा किटनाशक विषादी कृषकलाई वडा कार्यालयले आफै वा कृषि सहकारी संस्था वा सेवा प्रदायकमार्फत् उपलब्ध गराउन सक्नेछ ।

तर मानव तथा पशुपन्छी र जलचरको स्वास्थ्यमा असर पार्ने र कृषि उत्पादनशीलतामा ह्रास ल्याउने खालका तथा मान्यताप्राप्त निकायवाट प्रमाणीकरण नगरिएका र प्रयोग नगर्नु नगराउनु भनी प्रतिबन्ध लगाइएका बीउबीजन, मलखाद तथा किटनाशक बिषादीको प्रयोग गर्न गराउन पाइने छैन ।

(६) कृषकहरूमा रासायनिक मल तथा किटनाशक विषादीलाई निरुत्साहित गर्दै जैविक विषादी तथा प्राङ्गारिक खेती प्रविधिलाई प्रोत्साहन हुने गरी नगरपालिकाबाट विभिन्न सेवा सुविधा र प्रविधि उपलब्ध गराउन सकिनेछ ।

(७) बीउबीजनका लागि सेवा सुविधा, अनुदान र सहयोग उपलब्ध गराउँदा वा कार्यक्रम सञ्चालन गर्दा बालीजन्य बीउबीजन र घाँस बाली गरी दुवै किसिमका बीउबीजन उत्पादन र वितरणलाई महत्त्व दिनु पर्नेछ।

(८) नगरपालिकाले बीउबीजन, मलखाद तथा किटनाशक विषादीको अनाधिकृत तथा मनोमानी खरिद बिक्रीमा नियन्त्रण गर्नका लागि आवश्यक प्रविधिको समेत प्रयोग गरी नियमित रूपमा बजार अनुगमन गर्नेछ।

(९) उमारशक्ति नभएको वा फलफूल लाग्न नसक्ने किसिमको बीउबीजन बिक्रीवितरण गरेको कारण कृषकलाई कुनै हानी नोक्सानी तथा क्षति हुन गएमा उक्त क्षति वापत त्यस्तो बीउबीजन आपूर्ति गर्न व्यक्ति वा फर्मले प्रभावित कृषकलाई प्रचलित कानूनबमोजिम क्षतिपूर्ति दिनु पर्नेछ ।

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

**२३. सामुदायिक बीउ बैंक स्थापना गर्न सकिने:** (१) नगरपालिका क्षेत्रभित्र रहेका कृषक समूहले स्थानीयस्तरमा एकल वा सामूहिक रूपमा पर्यावरण र जलवायुमैत्री किसिमको सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम सामुदायिक बीउ बैंक स्थापना र सञ्चालन गर्न चाहने कृषक समूहलाई नगरपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ र यसका लागि सम्बन्धित सङ्घ संस्था बीउ बीजन व्यवसायीबाट समेत आवश्यक सहयोग लिन सकिनेछ ।

(३) सामुदायिक बीउ बैंकका माध्यमबाट रैथाने बीउबीजनको पहिचान, अभिलेख तथा सूचीकरण, प्रचार प्रसार र प्रयोगका लागि उत्प्रेरणा प्रदान गर्नुका साथै स्थानीय कृषकको रैथाने बीउबीजन सम्बन्धी परम्परागत ज्ञान एवम् प्रथाजनित अभ्यासको अभिलेख तयार गरी राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अभिलेखको एकप्रति नगरपालिकामा समेत अभिलेखका लागि उपलब्ध गराउनु पर्नेछ।

(५) सामुदायिक बीउ बैंक स्थापना र सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-७

## कृषिसम्बन्धी सूचना, प्राविधिक ज्ञान र सीपसम्बन्धी व्यवस्था

**२४. कृषि सिकाई केन्द्र स्थापना गर्न सकिने:** (१) नगरपालिकाले नमूना कृषि कार्य र पशुपन्छी तथा जलचरपालन गरी श्रोत केन्द्रको रूपमा कुनै निश्चित स्थानको जग्गामा वा कृषि/पशु सेवा केन्द्र तथा वडा कार्यालयमा प्रविधियुक्त प्राविधिक जनशक्ति सहितको कृषि सिकाइ केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) कृषि तथा पशुपन्छी विकास शाखाले कृषि सिकाई केन्द्रमार्फत् कृषकलाई कृषि कार्य र पशुपन्छी तथा जलचरपालनका लागि आवश्यक प्राविधिक सहयोग र प्रविधि तथा सूचना प्रवाह गर्नेछ ।

(३) कृषि तथा पशुपन्छी क्षेत्रमा कार्य गर्न इच्छुक निकाय, सङ्घ संस्था र निजी क्षेत्र सम्बन्धित वडा कार्यालयसँग अनिवार्य रूपमा समन्वय गर्नु पर्नेछ।

(४) नगरपालिकाले कृषकलाई कृषि तथा पशुपन्छीसम्बन्धी आपतकालीन् सहयोग तथा उद्धार कार्यका लागि नेपाल सरकार, प्रदेश सरकार र सरोकारवाला सङ्घ संस्थासँग समेत समन्वय गरी स्रोत साधन र प्रविधि सहित आवश्यक सहयोग गर्न सक्नेछ ।



... बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

**२५. कृषि सम्बन्धी सूचनामा पहुँच:** (१) कृषिसम्बन्धी सूचनामा कृषकको सहज पहुँचका लागि नगरपालिकाले कृषि सूचना केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्नेछ ।

(२) कृषि सूचना केन्द्रले कृषि विकास तथा पशुपन्छी र जलचर पालन तथा बिक्री वितरणको लागि नगरपालिकाबाट तर्जुमा गरिएका योजना तथा कार्यक्रम र विनियोजित बजेटबारे प्रत्येक वडा र वडाले तोकेका टोलमा कृषकले प्राप्त गर्न सक्ने सेवा सुविधाको विषयमा सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(३) कृषि तथा पशुपन्छी र जलचरसम्बन्धी कार्यक्रमका बारेमा कृषकहरूबीच सहज रूपमा सूचना प्रवाहको लागि कृषि उपशाखामा कृषि सूचना अधिकारीको व्यवस्था गर्नुपर्नेछ ।

(४) कृषि सूचना केन्द्रले कृषि तथा पशुपन्छी र जलचरसम्बन्धी विषयमा कृषकले पाउनुपर्ने सेवा सुविधासम्बन्धी आधारभूत सूचना र जानकारी स्थानीय टेलिभिजन, एफएम रेडियो र स्थानीय रूपमा प्रकाशित छापा तथा अनलाइन पत्रिका र सामाजिक सञ्जाल मार्फत प्रकाशन तथा प्रचार प्रसार गर्नुपर्नेछ।

(५) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकावाट कृषकले पाउन सक्ने सेवा तथा सुविधाका बारेमा स्थानीय एफएम रेडियो वा अन्य उपयुक्त सञ्चार माध्यममा कृषि प्रसार कार्यक्रम प्रसारण गर्न सक्नेछ ।

(६) कृषिसम्बन्धी सूचनामा कृषकको पहुँचका लागि प्रचारप्रसार गर्दा कृषक समूहका सञ्जाल मार्फत् र स्थानीय मातृभाषामा प्रचारप्रसार गर्न प्राथमिकता दिनुपर्नेछ।

(७) कृषि तथा पशुपन्छी सेवाको प्रचार प्रसारलाई प्रभावकारी बनाउन, कृषि तथा पशुपन्छीका लागि आकस्मिक सेवा प्रदान गर्न र कृषि क्षेत्र र पशुपन्छीलाई प्राकृतिक प्रकोप, जलवायुजन्य जोखिम र महामारीबाट बचाउनका लागि नगरपालिकामा कलसेन्टरको स्थापना र सञ्चालनका साथै मौसमलगायतका विषयमा कृषि परामर्श सेवा तथा मोबाइल एप जस्ता आधुनिक प्रविधि र सूचना प्रणालीको उपयोग गर्न प्राथमकिता दिनुपर्नेछ ।

**२६. कृषि सम्बन्धी प्राविधिक ज्ञान तथा सीप वृद्धि:** (१) कृषि र पशुपन्छी तथा जलचरपालनलाई कृषकको जीविकोपार्जनका साथै व्यवसायिक रूपमा प्रवर्द्धन गर्नका लागि नगरपालिकाले आफै वा विभिन्न निकाय र परियोजनाको समन्वयमा प्रत्येक वडा कार्यालयमा कृषि तथा पशुपन्छी प्राविधिकको व्यवस्था गर्न सक्नेछ ।

(२) कृषकलाई सामुहिक रूपमा प्राविधिक ज्ञान र सीप विकासका लागि आफै वा सेवा प्रदायक संस्थाको माध्यमबाट समुदायस्तरमा नियमित रूपमा तालिम सञ्चालन गर्न सक्नेछ ।

(३) कृषि विकास तथा पशुपन्छी र जलचरपालनका क्षेत्रमा उपलब्ध वातावरणमैत्री आधुनिक यन्त्रहरूमा कृषकलाई सुपथ र सरल रूपमा पहुँच बढाई यान्त्रीकरण गर्न प्रोत्साहन गर्नेछ ।

(४) प्रत्येक वडामा स्थानीय कृषक समूह, कृषि र पशुपालन सहकारी संस्था वा स्थानीय कृषि फार्म वा वडा कार्यालय आफैले कम्तीमा एकवटा नमूना कृषि फार्म स्थापना र सञ्चालन गरी उक्त फार्ममार्फत् कृषकलाई आवश्यक तालिम सञ्चालन गर्न सकिनेछ।

(५) कृषि मूल्य शृङ्खलामा आबद्ध कृषि व्यवसायी र कृषि उपज उत्पादक कृषकवीच स्वच्छ समन्वय सहकार्य विकास गर्नेछ।

**२७. कृषक पाठशाला, कृषक चौतारी स्थापना गर्न सकिने:**(१) नगरपालिकाले कृषकको लागि कृषिसम्बन्धी_प्राविधिक ज्ञान, सीप र क्षमता विकासको निमित्त प्रत्येक वडामा कम्तीमा एउटा कृषक पाठशाला स्थापना गरी सञ्चालन गर्नेछ ।

(२) कृषि तथा पशुपन्छी र जलचरपालन सम्बन्धमा कृषकले हासिल गरेका अनुभव र परम्परागत एवम् आधुनिक ज्ञान एक आपसमा आदान प्रदान गर्ने र नियमित रूपमा कृषक संवाद आयोजना गर्ने उद्देश्यले गाउँ वा टोलस्तरमा कृषक चौतारीको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(३) कृषक पाठशाला, कृषक चौतारी, प्लान्ट क्लिनिक, माटो शिविर र कृषि सिकाई केन्द्रको क्षमता विकासका लागि कृषि ज्ञान केन्द्रबाट सहयोग लिन सकिनेछ ।

(४) नगरपालिकाले कृषक समूह र अन्य कृषि सरोकारवालासँगको समन्वयमा कृषकलाई उपयुक्त स्थानमा कृषि सङ्ग्रहालय स्थापना गर्न सक्नेछ।

(५) कृषकलाई उत्प्रेरित गर्न समय समयमा कृषि मेला तथा पशुपन्छी प्रदर्शनी मेला तथा कृषि र पशुपालन व्यापार मेलाको आयोजना गर्नेछ।

(६) स्थानीयस्तरमा रहेका कृषि स्रोत व्यक्तिहरूको अभिलेख राखी उनीहरूको सीप र क्षमताका आधारमा कृषि स्वयं सेवकको रूपमा कृषि विकासका लागि परिचालन गर्न सक्नेछ ।

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

## परिच्छेद- ८

## कृषि व्यावसाय प्रवर्द्धनका लागि वित्तीय प्रोत्साहनसम्बन्धी व्यवस्था

**३८. कृषि व्यवसायको किसिमः** नगरपालिका क्षेत्रभित्र व्यवसायिक उद्देश्यले गरिने देहायबमोजिमका कार्यलाई कृषि व्यवसायको रूपमा लिइनेछः-

(क) पशु, कृषि बाली वा वस्तुको उत्पादन,

(ख) कृषिजन्य वस्तुको प्रशोधन तथा विविधीकरण,

(ग) कृषि उपजको व्यापार,

(घ) कृषि उत्पादनका लागि प्रयोग हुने प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(ङ) कृषि उत्पादनको लागि प्रयोग हुने कृषि औजार, बीउ, बेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(च) कृषिमा प्रयोग हुने किटनाशक विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री पशु वधस्थल, मासुजन्य वस्तु बिक्रीवितरण ।

(छ) दफा १५ र ४२ बमोजिमका सबै कृषि कार्य तथा उत्पादनहरु ।

**३९. कृषि व्यवसायको प्रवर्द्धन गर्न सकिनेः** कृषि, पशुपन्छी जलचरसम्बन्धी व्यवसाय प्रवर्द्धनका लागि नगरपालिकाले देहायबमोजिमका कार्यहरू गर्न सक्नेछः-

(क) आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन गर्ने,

(ख) आवश्यक ज्ञान, सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न, नगरपालिका आफै वा विभिन्न सेवा प्रदायक मार्फत् प्रवर्द्धनात्मक कार्य गर्ने,

(ग) कृषकलाई सहुलियत दरमा ऋण उपलब्ध गराउन र कृषि ऋणको व्याज अनुदान उपलब्ध गराउन वित्तीय संस्था र अन्य निकायमा सिफारिस गर्ने,

(घ) उत्कृष्ट कृषि व्यवसायी कृषक, पशुपालक तथा कृषक समूह वा कृषि सहकारी संस्था छनौट गरी पुरस्कार तथा छुट सहुलियत प्रदान गर्ने,



राज बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

(ङ) व्यवसाय प्रवर्द्धनमा सहयोगी हुने खालका रैथाने बीउ, प्रविधि एवम् ज्ञान संरक्षणका लागि स्रोत साधन र सहयोग उपलब्ध गराउने,

(च) व्यवसाय प्रवर्द्धनका लागि उपलब्ध गराइएका सेवा, सुविधाको प्रयोग तथा सदुपयोगबारे अनुगमन र मूल्याङ्कन गरी अभिलेख राख्ने, र आवश्यक परामर्श प्रदान गर्ने,

(छ) व्यवसाय प्रवर्द्धनका लागि निर्माण गरेका कृषि बजार, कृषिवस्तु सङ्कलन केन्द्र र अन्य कृषि पूर्वाधारको नियमित रूपमा मर्मत सम्भार र सञ्चालन गर्ने,

(ज) कृषि व्यवसाय प्रवर्द्धनका लागि नेपाल सरकार, प्रदेश सरकार, कृषिसम्बन्धी नागरिक समाज र व्यवसायिक क्षेत्रसँग नियमित रूपमा समन्वय र सहकार्य गर्ने ।

<u>३०. कृषि फर्म स्थापना र संचालनः</u> (१) नगरपालिकाले कृषि तथा पशुपन्छी क्षेत्रको व्यवसायीकरणका लागि कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन गर्न चाहने कृषक, कृषक समूह, पशुपालक समूह, कृषि सहकारी संस्था वा अन्य व्यावसायिक कृषकलाई आवश्यक सहजीकरण गर्नेछ ।

(२) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन गर्दा भूमिहीन कृषक, सीमान्तकृत कृषक, साना कृषकको हितलाई ध्यान दिनुपर्नेछ र कृषकको भूमिमाथिको अधिकारमा प्रभाव नपर्ने कुरा सुनिश्चत गर्नुपर्नेछ।

(३) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालन गर्दा वातावरण संरक्षणसम्बन्धी प्रचलित कानूनले तोकेका वातावरणीय दायित्व पूरा गर्नुका साथै सामाजिक तथा साँस्कृतिक क्षेत्रमा नराकारात्मक प्रभाव पार्न पाइने छैन ।

(४) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालनका लागि प्रचलित कानूनबमोजिम उद्योग वा कम्पनीको रूपमा दर्ता हुनुपर्ने भए सम्बन्धित निकायमा दर्ता भई नगरपालिकामा फर्मको व्यवसाय दर्ता गरेको हुनु पर्नेछ।

(५) कृषि तथा पशुपन्छी फर्म स्थापना र सञ्चालनसम्बन्धी मापदण्ड र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(६) कृषि तथा पशुपन्छी फर्म स्थापना र सन्चालनसम्बन्धी मापदण्ड र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**३१. कृषकलाई अनुदान र छुट सुविधा दिन सकिने:** (१) नगरपालिकाले कृषि तथा पशुपन्छी र जलचरपालक सङ्लग्न भूमिहीन कृषक, सिमान्त कृषक, साना कृषक, महिला कृषक र कृषिमा आश्रित दलित तथा आदिबास जनजाति कृषकलाई प्राथमिकता प्रदान गरी देहायबमोजिमको कृषि अनुदान, छुट सुविधा सहुलियत प्रदान गर्न सक्नेछ

(क) कृषि उपज र पशुपन्छी तथा जलचरमा स्थानीय कर शुल्कमा छुट,

(ख) कृषि तथा पशुपन्छी र जलचरपालन कार्यका लागि कृषकलाई सिफारिस दिंदा लाग्ने दस्तुर छुट,

(ग) व्यवसाय प्रवर्द्धनका लागि आवश्यक पर्ने ढुवानी साधन, यन्त्रउपकरण, हाट बजार, सङ्कलन केन्द्र र शीत भण्डारण केन्द्र आदिका लागि अनुदान,

(घ) परम्परागत कृषि औजार निर्माण गर्ने कृषकलाई व्यवसाय दर्तामा छुट र सोको लागि अनुदान,

(ङ) कृषि कार्यका लागि महिलामैत्री यन्त्रउपकरण र बजार व्यवस्थापनमा अनुदान,

(च) अन्य अत्यावश्यक अनुदान तथा सुविधाहरू ।

(२) उपदफा (१) बमोजिमका छुट तथा अनुदान प्रदान गर्दा कृषकको वर्गीकरण र कृषक परिचय पत्रलाई आधार मानी आर्थिक ऐनमा व्यवस्था गरी गर्नुपर्नेछ।

(३) स्थानीय कृषि वस्तु तथा पशुपन्छीजन्य उत्पादनमा उल्लेखनीय योगदान गर्ने कृषकलाई निश्चित परिमाणको कृषि वस्तु तथा पशुपन्छी उत्पादन पश्चात् अनुदान प्रदान गर्ने गरी उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(४) नगरपालिकाले साना कृषि यन्त्रउपकरणमा सम्बन्धित कृषक वा कृषक समुहले लागत साझेदारी गर्ने गरी अनुदानलाई नगदमा आधारित बनाउन सक्नेछ । यसका लागि देहाय बमोजिमका शर्तहरु राख्नुपर्नेछ ।

(क) नगरपालिकाले तयार गरेको प्राविधिक स्पेशिफिकेशन बमोजिमको यन्त्रउपकरण कृषक वा कृषक समुहले खरिद गर्नुपर्नेछ ।

(ख) नगरपालिकाले तयार गरेको लागत अनुमानभन्दा न्युन मुल्यमा कृषक वा कृषक समुहले खरिद गरेको हुनु पर्नेछ ।

तर प्राविधिक स्पेशिफिकेशनमा फरक नपर्ने गरी लागत अनुमान भन्दा बढी मुल्यको यन्त्रउपकरण सम्बन्धित कृषक वा कृषक समुहले बढी रकम आफै व्यहोर्ने गरी खरिद गर्न बाधा पर्ने छैन ।

(ग) नगरपालिकाबाट उक्त यन्त्रउपकरणको प्राविधिक जाँच भई उपयुक्त भएमा मात्र बिल लगायत आवश्यक कागजात सङ्कलन गरी सम्बन्धित कृषक वा कृषक समुहको बैंक खातामा अनुदानको रकम पठाउनु पर्नेछ ।

(घ) सम्बन्धित व्यवसायीले यन्त्रउपकरणमा निश्चित अवधिको ग्यारेन्टी दिनुपर्नेछ ।

(ङ) कृषक वा कृषक समुहले नगरपालिका संग सम्झौता गरेको हुनुपर्नेछ र त्यस्तो सम्झौतामा यन्त्रउपकरणको दुरुपयोग हुन नदिन आवश्यक शर्तहरु राख्नुपर्नेछ ।

(च) नगरपालिकाले दिने अनुदान कार्यालयको स्वीकृत लागत अनुमानको बढीमा पचास प्रतिशत हुनुपर्नेछ ।

(५) उपौफा (४) बमोजिम गर्न नगरपालकाले यन्त्रउपकरण मागका लागि कृषक वा कृषक समुहबाट निवेदन सङ्कलन गरी आवश्यकताका आधारमा प्राथमिकीकरण गरी अनुदान दिनुपर्नेछ ।

<u>३२. अनुदान सिफारिस तथा अनुगमन समितिः</u> (१) कृषि तथा पशुपन्छी र जलचर व्यवसाय प्रवर्द्धनका लागि सहुलियत र अनुदान प्रदान गर्नका लागि देहायबमोजिमको एक अनुदान सिफारिस तथा अनुगमन समिति गठन हुनेछः

(क) आर्थिक विकास समितिको अध्यक्ष- संयोजक
(ख) आर्थिक विकास समितिको सदस्यहरु - सदस्य
(ग) कृषि विकास शाखाको प्रमुख – सदस्य
(घ) पशुपन्छी विकास शाखाको प्रमुख - सदस्य
(ङ) आर्थिक विकास शाखा प्रमुख- सदस्य-सचिव

<u>स्पष्टिकरणः</u> कृषि सम्बन्धी कार्यको अनुदान सिफारिस तथा अनुगमनमा कृषि विकास उपशाखा प्रमुख र पशुपन्छी सम्बन्धी कार्यको अनुदान सिफारिस तथा अनुगमनमा पशुपन्छी विकास उपशाखा प्रमुख सदस्य सचिव रहने ।

(२) यस दफाबमोजिम प्रदान गरिने अनुदानका लागि कृषक छनौट, अनुदान रकमको सीमा निर्धारण अनुदान प्रदान गर्ने विधि, प्रक्रिया र सोसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले कृषि व्यवसाय प्रवर्द्धनका लागि प्रदान गरिएको अनुदानको उपयोगको अवस्था र यसमा सुधार गर्नुपर्ने विषय समेत समेटी वार्षिक रूपमा प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत् सभामा पेश गर्नुपर्नेछ।

(४) उपयुक्त सुचना प्रविधिका माध्यामबाट अनुदान प्रणालिलाई व्यवस्थित, पारदर्शी र सरल बनाउन सकिनेछ ।

**३३. कृषि ऋणमा पहुँच:** (१) कृषकलाई कृषि व्यवसाय प्रवर्द्धनको लागि लगानी गर्न आवश्यक पर्ने रकम बिना धितो वा धितो सहित सहुलियत व्याजदरमा वा व्याज अनुदान प्राप्त हुने गरी कृषि ऋण उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थामा सिफारिस वा त्रिपक्षीय सम्झौता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा ध्यान दिनुपर्ने विषय र सिफारिसका आधारहरू तोकिएबमोजिम हुनेछ ।

(३) कृषकलाई कृषि ऋण उपलब्ध गराउने प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाले सञ्चालन गरेका सुहलियत योजनाबारे नगरपालिकालाई पूर्वजानकांरी गराउनुपर्नेछ।

**३४. कृषि बाली तथा पशुपन्छी बीमा:** (१) नगरपालिकाले सम्बन्धित बीमक निकायको नियमअनुसार कृषकले कृषि बाली वा कृषि उपज तथा पशुपन्छी र जलचरको बीमा सहज रूपमा गर्न सक्ने अवस्था सिर्जना गर्नका लागि आवश्यक समन्वय गर्न सक्नेछ।

(२) कृषि तथा पशुपन्छी बीमा गर्न नसक्ने गरिब तथा विपन्न र सीमान्त कृषकका लागि कृषि तथा पशुपन्छी बीमा गर्न आवश्यक पर्ने कृषकतर्फको साझेदारीको हिस्साको प्रिमियम रकम नगरपालिकाले अनुदानको रूपमा उपलब्ध गराउन सक्नेछ ।

(३) बीमा कम्पनीले नगरपालिकासँगको समन्वयमा बीमा कार्यका लागि प्रमाणपत्र प्राप्त गरेका अभिकर्ताको परिचालन गरी कृषि बाली तथा पशुपन्छी र जलचरको बीमा गर्ने कार्य गर्न सक्नेछ तर यसरी बीमा कार्यक्रम सञ्चालन गर्दा बीमा विषयमा कृषकले बुझ्नेगरी प्रचारप्रसारको व्यवस्था समेत मिलाउनु पर्नेछ।

(४) कृषि तथा पशुपन्छी बीमाको अभिलेख बीमा कम्पनीले नगरपालिकालाई वार्षिक रूपमा उपलब्ध गराउनु पर्नेछ ।

(५) कृषक तथा बिमा कम्पनीबीच बिमासम्बन्धी कुनै विषयमा विवाद उत्पन्न भएमा विवाद समाधानका लागि नगरपालिकाले समन्वय तथा सहजीकरण गर्न सक्नेछ ।

(६) कृषि तथा पशुपन्छी बीमा अनुदान कार्यक्रम सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ

(७) कृषि तथा पशुपन्छी बिमा अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**<u>३५. कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषको स्थापना:</u>** (१) कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धनका लागि नगरपालिकामा कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोष एवम् बीउ पूँजीको रूपमा छुट्टै कोषको स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा देहायबमोजिमको रकम जम्मा हुनेछः-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ख) नगरपालिकाबाट वार्षिक बजेटमार्फत विनियोजन भएको रकम,

(ग) नेपाल सरकारको अनुमतिमा विदेशी सरकार र अन्तर्राष्ट्रिय सङ्घ-संस्थासँग सम्झौता गरी कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धनका लागि उपलब्ध भएको रकम,

(घ) आर्थिक ऐनबमोजिम सङ्कलन गरिने कृषि सेवा शुल्कको कम्तीमा पचास प्रतिशत रकम, र

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) कृषि व्यवसाय प्रवर्द्धन कोष सञ्चालनको लागि कार्यपालिकाले एक सञ्चालक समिति गठन गर्नेछ र उक्त कोष सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले तय गर्न सक्नेछ।

(४) यो ऐन लागु हुनुअघी कृषि तथा पशुपन्छी विकासका लागि सञ्चालित कोषहरु यही कोषमा एकिकृत हुनुपर्नेछ ।

**<u>३६. कोषको रकम उपयोग गर्न सकिने क्षेत्रहरू:</u>** (१) कृषि व्यवसाय प्रवर्द्धन कोष सञ्चालक समितिको सिफारिमा कार्यपालिकाको निर्णय बमोजिम कोषको रकम देहायबमोजिमका कार्यका लागि उपयोग गर्न सकिनेछः-

(क) कृषि तथा पशुपन्छी र जलचर पालनमा आधारित व्यवसाय प्रवर्द्धन गर्न,

(ख) कृषि तथा पशुपन्छी र जलचर पालनबाट उत्पादित वस्तुको बजार प्रवर्द्धन गर्न,

(ग) कृषि तथा पशु सेवासम्बन्धी प्राविधिक जनशक्ति उत्पादन गर्न,

(घ) जैविक तथा प्राङ्गारिक खेतीको निरतार तथा प्रवर्द्धन गर्न,

(ङ) स्थानीय नश्लका पशुपन्छीको संरक्षण र विस्तार गर्न र कृत्रिम गर्भाधानद्वारा उन्नत नश्ला पशुपन्छीको विकास र विस्तार गर्न,

(च) कृषि जमिनको माटो परीक्षण तथा उत्पादकत्व संरक्षण गर्न,

(छ) कृषि तथा पशुपालन क्षेत्रमा कृषकका आवश्यकता अनुसार अध्ययन, अनुसन्धान गर्न,

(ज) बाली तथा पशुपन्छी बीमा प्रवर्द्धन तथा विस्तार गर्न र बाली संरक्षण तथा पशु स्वास्थ्य सेवाको व्यवस्थापन गर्न,

(झ) कृषि तथा पशुपन्छी र जलचरपालनका लागि आवश्यक अनुदान उपलब्ध गराउन,

(ञ) व्यवस्थित कृषि बजार तथा पशु बधशाला निर्माण गर्न,

(ट) कृषि तथा पशुपन्छी पालनसम्बन्धी तालिम तथा शिक्षा विस्तार गर्न,

(ठ) कृषि तथा पशुपन्छी पालनसम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी क्रियाकलाप सञ्चालन गर्न ।

(ड) कृषि तथा पशुपन्छीका लागि तोकिएका क्षेत्रहरुमा बीउ पुँजीका रुपमा परिचालन गर्न ।

(२) उपदफा (१) मा तोकिएका बाहेक कृषि व्यवसाय प्रवर्द्धनका अन्य क्षेत्रमा कोषको रकम खर्च गर्नुपर्ने अवस्थामा कोष सञ्चालक समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

## परिच्छेद- ९

## कृषि प्रसार सेवाको सञ्चालन, व्यवस्थापन तथा नियमन

**३७. स्थानीय कृषि स्रोत व्यक्तिको पहिचान, विकास तथा परिचालन:** (१) नगरपालिकाले रणनैतिक रूपमा प्राथमिकताका साथ प्रवर्द्धन गर्न चाहेको कृषि उपज मूल्य श्रृङ्खलामा प्राविधिक सेवा पुगाउन नगरपालिकाभित्र रहेका स्थानीय कृषि स्रोत व्यक्तिको पहिचान, क्षमता विकास र आवश्यकता अनुसार परिचालन गर्नेछ।

(२) स्थानीय कृषि स्रोत व्यक्तिलाई नगरपालिकाको वडा तहमा सार्वजनिक, सामुदायिक तथा निजी साझेदारी मोडेलमा परिचालन गर्नेछ।

**<u>३८. विशिष्टिकृत सेवा एवं भौचर प्रणालीमा आधारित कृषि प्रसार सेवा:</u>** नगरपालिकाभित्रका विपन्न तथा साना कृषकलाई कृषि तथा पशुपन्छी सम्वन्धी लक्षित कार्यक्रम नगरपालिकाले भौचर प्रणाली मार्फत् कार्यान्वयन गर्नेछ।

**<u>३९. स्थानीय तहमा स्रोत केन्द्रको स्थापना तथा सञ्चालन:</u>** (१) स्थानीयस्तरमा कृषि प्रविधिको परीक्षण, प्रदर्शन र विस्तारका लागि नगरपालिकाले आवश्यकता अनुसार स्रोत केन्द्रको स्थापना तथा सञ्चालन गर्नेछ।

(२) उपदफा (१) अनुसारको स्रोत केन्द्र सञ्चालनको लागि सार्वजनिक, सामुदायिक र निजी साझेदारी अवधारणा अवलम्बन गर्न सक्नेछ ।

**<u>४०. सुचना तथा प्रचारप्रसार:</u>** (१) नगरपालिकाकाले कृषकलाई कृषि तथा पशुपन्छीसम्बन्धी तालिम, प्रविधि, प्राविधिक सेवा, कृक्षक क्षमता तथा सीप विकास, सशक्तिकरणसम्बन्धी सूचना उपलब्ध गराउने छ

(२) कृषि सूचना प्रभावकारी प्रवाहको लागि नगरपालिकाले कृषि तथा पशुपन्छी सम्बन्धी तथ्याङ्क अद्यावधिक, व्यवस्थापन र उपयुक्त सूचना प्रणालीको अवलम्बन गर्नुपर्नेछ ।

## <u>परिच्छेद- १०</u>

## <u>कृषि उत्पादनको वर्गीकरण, भण्डारण तथा प्रशोधनसम्बन्धी व्यवस्था</u>

**<u>४१. कृषि उत्पादनको वर्गीकरण:</u>** नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कृषि उत्पादनलाई देहायबमोजिम हुने गरी वर्गीकरण गर्नेछ:-

(क) अन्न बाली: सबै प्रकारका अन्न बालीहरू,

(ख) तरकारी बाली: च्याउ लगायत सबै प्रकारका तरकारी बालीहरू,

(ग) फलफूल बाली: सबै प्रकारका फलफूलहरू,

(घ) जरेबाली: तरुल, पिडालु, शखरखण्ड, कन्दमूल लगायतका बालीहरू,

(ङ) तेलहन: सबै किसिमका तेलहन बालीहरू,

(च) दलहन: सबै किसिमका दलहन बालीहरू,

(छ) पशुजन्य उत्पादन: गाईगोरु, भैसी, खसी, बाखा, बङ्गुर, च्याङ्ग्रा, भेडालगायत सबै प्रकारका घरपालुवा पशुहरू,

(ज) दुधजन्य उत्पादन: सबै प्रकारका दुधजन्य उत्पादनहरू,

(झ) मासुजन्य उत्पादनः मासु खान हुने विभिन्न घरपालुवा पशुपन्छीको मासु,

(ञ) पन्छीजन्य उत्पादनः मासु, अण्डा, बीउ तथा मलका लागि कुखुरा, हाँस लगायतका सबै प्रकार घरपालुवा पन्छीहरू र रेशम खेतीका उत्पादनहरू,

(ट) जलचरपालनः मासु तथा बीउ उत्पादनका लागि सबै प्रकारका माछा वा जलचरहरू,

(ठ) मौरी पालनः मह तथा मौरीघार,

(ड) फूल खेतीः नगरपालिका क्षेत्रभित्र र बाहिर समेत आपूर्ति हुने सबै प्रकारका फूल (पुष्प) खेती उत्पादित फूलहरू,

(ढ) मसलाजन्य उत्पादनः नगरपालिका क्षेत्रभित्र उत्पादन हुने सबै प्रकारका मसलाहरू,

(ण) जडिबुटीः निजी जग्गा र वन क्षेत्रबाट उत्पादन तथा सङ्कलन हुने सबै प्रकारका जडिबुटीहरू,

(त) काष्ठफलहरूः बदाम, ओखरलगायतका बालीहरू,

(थ) नगदेबालीः चीया, कफी, अलैची, उँखु, जुट आदि, र

(द) नर्सरीका उत्पादनहरूः विभिन्न विधिबाट उत्पादिन सबै प्रकारका बिरुवाहरू ।

<u>४२. कृषि उपजको भण्डारण, प्रशोधन र विविधिकरणः</u> (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कृषि उपजको भण्डारण तथाप्रशोधनका लागि शीत भण्डार, चिस्यान केन्द्र, सङ्कलन केन्द्र, भण्डारण कक्ष, प्रशोधन केन्द्रलगायतका भौतिक पूर्वाधार निर्माण गरी कृषकले सहुलियत दरमा उपयोग गर्न पाउने गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पूर्वाधार निर्माण र सञ्चालनका लागि कृषि सहकारी संस्था वा कृषक समूहसँग संयुक्त लगानी वा व्यवस्थापन गर्न सक्नेछ ।

(३) कृषि उपजको प्रशोधन तथा भण्डारणलगायतका पूर्वाधारको उपयोग बापत लाग्ने शुल्क कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(४) आफ्नो क्षेत्रभित्र उत्पादित कृषिजन्य कच्चा पदार्थको औधोगिक क्षेत्रमा निर्यात गर्नका लागि आवश्यक प्रबन्ध मिलाउन सक्नेछ ।

(५) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यकता र सम्भाव्यता अनुरूपको कृषि उत्पादन केन्द्रित प्रशोधन केन्द्रको स्थापना र सञ्चालन गर्न प्राथमिकता दिनुपर्नेछ।

(६) नगर क्षेत्र भित्र कृषि तथा पशुपन्छी उपजको भण्डारण तथा प्रशोधनका लागि शित भण्डार, चिस्यान केन्द्र, सङ्कन केन्द्र, भण्डारण कक्ष, प्रशोधन केन्द्र लगायतका भौतिक पुर्वाधार निर्माण गरी कृषकले सहुलियत दरमा उपयोग गर्न पाउने गरी कृषि वा बहुउदेश्यीय सहकारी संस्था वा कृषक समुह वा निजि क्षेत्र वा सार्वजनिक संस्थाले लगानी गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(७) उपदफा (६) बमोजिमका संस्थाहरुले उक्त पुर्वधारहरुबाट सेवा सञ्चालन गर्दा उपजको खरिदबिक्रीको न्युनतम समर्थन मुल्य कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद- ११

## कृषि बजार प्रणाली व्यवस्थापनसम्बन्धी व्यवस्था

**४३. कृषि बजार र कृषि उपज सङ्कलन केन्द्रको स्थापना:** (१) कृषि उत्पादन बिक्रीका लागि कृषक र सरोकारवालासँगको परामर्शमा उपयुक्त स्थानहरूमा कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्रको स्थापना गरी आफै वा कृषक समूह तथा कृषि सहकारी संस्था मार्फत् सञ्चालन गर्न सक्नेछ ।

(२) नगरपालिकामा दर्ता भएका कृषिसम्बन्धी सहकारी संस्था, कृषक समूह वा कृषिसम्बन्धी व्यवसायिक संस्थाले कार्यपालिकाको अनुमति लिई कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछन् ।

(३) नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने कृषि बजारको वर्गीकरण देहायबमोजिम हुनेछः-

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाटबजार,

(घ) कृषि सहकारी संस्था र कृषक समूहको संयुक्त हाटबजार,

(ङ) कृषि उपज सङ्कलन केन्द्र ।

(च) कृषि उपज सङ्कलन केन्द्र तथा कोल्डरुम ।

(४) उपदफा (३) बमोजिमका बजार सञ्चालन र व्यवस्थापन वापत लाग्ने सेवा शुल्क आर्थिक ऐनमा तोकिएबमोजिम हुनेछ ।

(५) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्रमा कृषि उपजको खरिद बिक्री गर्दा नगरपालिकाले निर्धारण गरेको न्यूनतम सर्मथन मूल्यमा मात्र खरिद बिक्री गर्नुपर्नेछ।

(६) गरिव तथा विपन्न र सिमान्तकृत कृषकले उत्पादन गरेका कृषि उपज बजारसम्म ढुवानी गर्नका लागि नगरपालिकाले कृषि उपजमा ढुवानी अनुदान वा कृषि एम्बुलेन्स सेवा उपलब्ध गराउन सक्नेछ।

(७) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्रको सञ्चालनसम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(८) कृषि बजार बजार वा कृषि उपज सङ्कलन केन्द्रको सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम वा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

४४. गुणस्तर निर्धारण प्रणाली अवलम्बन गर्न सकिने: (१) कृषकले गरेको कृषि उत्पादन प्राङ्गारिक खेती प्रणाली अवलम्बन गरी गुणस्तरीय रहेको छ भनी गुणस्तर प्रमाणीकरण गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर प्रमाणीकरण गर्दा सहभागितामूलक विधि अवलम्बन गर्नु पर्नेछ।

(३) कि तथा पशुपन्छको उपजको गुणस्तर कायम लगाएतका कार्यहरुलाई सरल र सहज बनाउन जनशक्तीको क्षमता विकास, पुर्वाधार निर्माण, यन्त्रउपकरण, प्रविधि लगायतमा नगरपालिकाले लगानी गर्नेछ ।

(४) प्राङ्गारिक कृषि उपजको उत्पादन, बजारिकरण एवम् प्रवर्द्धनका लागि नगरपालिकाले निश्चित क्षेत्र तोक्न सक्नेछ । यस्ता उपज खपतका लागि नगरक्षेत्रभित्र सञ्चालित होटल, रिसोर्ट, होमस्टे, विद्यालयहरुलाई प्राथिमकता दिई आवश्यक अन्य कार्यहरु गर्नुपर्नेछ ।

(५) प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर निर्धारणसम्बन्धी अन्य व्यवस्था तिकिएबमोजिम हुनेछ ।

४५. न्यूनतम् समर्थन मूल्य निर्धारण गर्न सक्ने: (१) कृषि बजार व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले कृषि उपजको न्यूनतम् समर्थन मूल्य तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कृषि उपजको न्यूनतम् समर्थन मूल्य तोक्दा छिमेकी स्थानीय तहमा रहेको कृषि उपजको न्यूनतम् समर्थन मूल्य तथा बजार मूल्यलाई समेत ध्यान दिनु पर्नेछ

(३) उपदफा (१) बमोजिम न्यूनतम समर्थन मूल्य तोक्दा कृषक, कृषि उपज व्यवसायी, कृषि सहकारी संस्था, कृषक समूह र नगरपालिका क्षेत्रभित्र कार्यरत कृषिसम्बन्धी सङ्घ संस्था र नागरिक समाजसँग परामर्श गर्नु पर्नेछ।

(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले कृषकले सङ्कलन केन्द्र वा आफ्नो खेतबारीमा प्राप्त गर्ने मूल्य तथा उपभोक्ताले तिर्ने मूल्यको नियमित अभिलेख राखी सुधारका लागि सुझाव दिन सक्नेछ ।

(५) कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारणसम्बन्धी मापदण्ड र सूचक कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

४६. कृषि व्यापारीको दर्ता र नियमन व्यवस्था: (१) कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्रभित्र व्यापार गर्न इच्छुक कृषि व्यापारी वा कृषि उपज व्यवसायी नगरपालिकामा दर्ता हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुनको लागि कृषि व्यापारी तथा कृषि उपज व्यवसायीले देहायबमोजिमका कागजात पेश गर्नु पर्नेछः-

(क) व्यवसायीको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) सम्बन्धित निकायमा भएको व्यवसाय दर्ता प्रमाणपत्र,

(ग) स्थायी लेखा नम्बर प्रमाणपत्र,

(घ) कृषि बजार तथा कृषि उपज सङ्कलन केन्द्रभित्र सञ्चालन गर्न चाहेको कृषि व्यवसायको योजना

(३) दर्ता भएका कृषि व्यवसायीसँग सम्झौता गरी नगरपालिकाले कृषि उपजको न्यूनतम् सर्मथन मूल्यसम्बन्धी व्यवस्था लागु गर्न सक्नेछ ।

(४) यस दफाबमोजिम दर्ता भएका कृषि व्यवसायीले कृषि बजार वा कृषि उपज सङ्कलन केन्द्रभित्र कृषकसँग कृषि उपज खरिद गर्दा तोकिएको न्यूनतम् सर्मथन मूल्यभन्दा कम मूल्यमा कृषि उपज खरिद गर्न पाइने छैन ।

(५) कृषि व्यापारी वा कृषि उपज व्यवसायीको दर्ता र नियमनसम्बन्धी अन्य व्यवस्था कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

<u>४७. कृषि उपजको आयात निर्यात:</u> (१) कृषि र पशुपन्छी विकास उपशाखाले कृषकहरूसँग जानकारी लिई नगरपालिका क्षेत्रभित्र उत्पादन भएका कृषि तथा पशुपन्छीजन्य उपजको त्रैमासिक तथ्याङ्क र अभिलेख तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको तथ्याङ्क तथा अभिलेखलाई कृषि र पशुपन्छी विकास उपशाखाले त्रैमासिक रूपमा कृषि बजार व्यवस्थापन तथा अनुगमन समिति र कार्यपालिकामा पेश गरी सार्वजनिक गर्नुपर्नेछ ।

(३) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले नगरपालिका क्षेत्रभित्र खपत नभई बचत हुन सक्ने कृषि उपज तथा पशुपन्छीजन्य उत्पादनलाई अन्यत्र निकासीका लागि आवश्यक प्रबन्ध गर्न सक्नेछ।

(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले नगरपालिकाका नागरिकलाई आवश्यक पर्ने कृषि उपज तथा पशुपन्छीजन्य उत्पादनलाई आयात गर्ने व्यवस्था समेत मिलाउन सक्नेछ ।

(५) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले कृषक, कृषि व्यावसायी र सरोकारवालाबीच त्रैमासिक रूपमा नियमित बैठकको आयोजना गर्नेछ।

(६) बार्षिक आयात र निर्यातको अवस्थालाई मध्यनजर गरी नगरपालिकाले योजना वा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

**४८. पशुपन्छी सेवासम्बन्धी व्यवसाय दर्ता:** (१) एग्रोभेट, दाना, चल्लालगायतका पुशपन्छी सेवासम्बन्धी उद्योग, कम्पनी वा फर्मले आर्थिक ऐनद्वारा निर्धारित शुल्क तिरी नगरपालिकामा व्यवसाय दर्ता गर्ने र बार्षिक रूपमा नवीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका उद्योग, कम्पनी वा फर्मको कृषि बजार व्यवस्थापन तथा अनुगमन समिति नियमित रूपमा अनुगमन गरी गुणस्तर सुधारका लागि आवश्यक निर्देशन दिनेछ र सम्बन्धित वा व्यवसायीले त्यस्तो निर्देशनको पालना गर्नु पर्नेछ ।

**४९. पशुपन्छी अस्पताल स्थापना गर्न सक्ने:** नगरपालिकाले कृषकलाई पायक पर्ने स्थानमा आवश्यक ल्याव र प्रविधि सहितको पशुपन्छी अस्पताल स्थापना र सञ्चालन गर्न आवश्यक प्रवन्ध गर्न सक्नेछ।

**५०. पशु बधस्थलको व्यवस्था:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र पशुवधशाला तथा पशुबधस्थल स्थापना गर्न उपयुक्त स्थान पहिचान गरी सञ्चालनमा ल्याउन सक्नेछ।

(२) पशुपन्छीसम्बन्धी सहकारी वा व्यवसायिक संस्थाले नगरपालिकाको अनुमति लिई पशुबधशाला स्थापना गर्न सक्नेछ।

(३) नगरपालिकाकाले सहकारी संस्था वा व्यवसायिक संस्थासँग सार्वजनिक निजी साझेदारी पशुबधशाला वा पशुवधस्थल स्थापना गरी सञ्चालन गराउन सक्नेछ।

(४) कृषि बजार व्यवस्थापन तथा अनुगमन समितिले सम्बन्धित सरोकारवाला समेतको प्रतिनिधि र सहभागितामा पशु कल्याण, पशुजन्य रोग नियन्त्रण, पशुबधशाला तथा पशुबधस्थल संचालन पशुपन्छीको मासु र मासु पसल तथा फ्रेस हाउसले पालन गर्नुपर्ने मापदण्ड वा कार्यविधि तर्जुमा गरी कार्यपालिकाको स्वीकृति लिई लागू गर्न सक्नेछ।

(५) मृत्यू भएका पशु विसर्जनका लागि सम्बन्धित वडा कार्यालयले उपयुक्त स्थान तोक्न सक्नेछ ।

**५१. दुग्ध उत्पादनको प्रशोधन र बजारीकरण:** (१) नगरपालिकाले दुग्धजन्य उत्पादनमा आत्मनिर्भर बनाउनका लागि पशुपालक कृषकलाई अनुदान तथा प्राविधिक सेवालगायतका सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) पशुपालक कृषकले उत्पादन गरेको दुधको प्रशोधन गरी मूल्य अभिवृद्धि गराउन दुध चिस्यान केन्द्र तथा दुधमा आधारित वस्तु उत्पादनसम्बन्धी उद्यम स्थापना र सञ्चालनका लागि सहयोग तथ सहजीकरण गर्न सक्नेछ।

(३) नगरपालिकाले पशु गोठ व्यवस्थापन, खर्क सुधार, घाँस, दाना तथा अन्य आहार र पानी आपूर्तिका साथै पशुजन्य रोगको उपचारजस्ता विषयमा आवश्यक आर्थिक तथा मानवीय स्रोत सहितको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

## परिच्छेद -१२
## विविध

**५२. ऐन कार्यान्वयनको जिम्मेवारी:** यो ऐनको कार्यान्वयन गर्ने जिम्मेवारी कार्यपालिका, वडा कार्यालय, विभिन्न समिति, कृषक, कृषक समूह, पशुपालक समूह, कृषि सहकारी, कृषि व्यवसायी, सेवा प्रदायक, कृषि सरोकारवाला तथा सम्बन्धित सबै जनप्रतिनिधि र कर्मचारीको हुनेछ।

**५३. अन्तर निकाय समन्वय:** (१) नगरपालिकामा सञ्चालन गरिने कृषि तथा पशुपन्छीसम्बन्धी कार्यक्रमबीच दोहोरोपना हुन नदिन र एक आपसमा समन्वय गरी कार्यक्रम सञ्चालन गर्न योजना तर्जुमा प्रक्रियाका सबै चरणमा सबै निकाय र सरोकारवालाबीच समन्वय र सहकार्य सहित योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ।

(२) नेपाल सरकार र प्रदेश सरकारबाट सञ्चालन गरिने कृषि तथा पशुपन्छीसम्बन्धी कार्यक्रममा नगरपालिकाले र नगरपालिकासँग आवश्यक समन्वय गर्नेछ र गर्नुपर्नेछ।

**५४. वाह्य सहयोग लिन सक्ने:** नेपाल सरकारको अनुमती लिई नगरपालिकाले आफ्नो क्षेत्रमा कृषि तथा पशुपन्छी विकासका लागि वैदेशिक सहयोग परिचालन गर्न सक्नेछ।

**५५. कृषि वा कृषक पुरस्कार:** (१) नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका पौरखी कृषक, पशुपन्छी वा जलचरपालन गरी कृषि विकासमा उल्लेखनीय योगदान गर्ने विभिन्न व्यक्ति, कर्मचारी तथा सङ्घसंस्थालाई पारदर्शी र वस्तुगत मूल्याङ्कनका आधारमा प्रत्येक वर्ष कार्यपालिकाले निर्धारण गरेबमोजिम कृषक सम्मान पुरस्कार प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पुरस्कारका लागि सिफारिस गर्न कार्यपालिकाले एक सिफारिस समिति गठन गर्नेछ

(३) उपदफा (२) बमोजिमको समितिले मूल्याङ्कनका मापदण्ड बनाई सोही मापदण्डका आधारम सिफारिस गर्नुपर्नेछ ।

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

**<u>५६. अधिकार प्रत्यायोजन गर्न सकिने:</u>** यस ऐन बमोजिम कार्यपालिकालाई प्राप्त अधिकार कुनै विषयगत समिति वा प्रमुखलाई प्रत्यायोजन गर्न सकिनेछ ।

**<u>५७. खारेजी र बचाउ:</u>** (१) कृषि तथा पशुपन्छी विकासका लागि नगरपालिकाबाट यस अघि भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ ।

(२) यो ऐनको कार्यान्वयनमा कुनै अस्पष्टता वा बाधाअड्काउ भएमा कार्यपालिकाले निर्णय गरी स्पष्ट गर्न वा बाधाअड्काउ फुकाउन सक्नेछ ।

<u>आज्ञाले</u>
मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत